**ताकेदा／मोडर्ना कम्पनीको खोपको लागि (२०२२ साल जनवरी )**

# कोरोनाभाइरस प्रतिरोधी खोप सम्बन्धी जानकारी

## (बुस्टर डोज (तेस्रो डोज)को खोप लिनका लागि)

**कोरोनाभाइरस खोपबारे**

यो खोप, केन्द्रीय सरकार र स्थानीय सरकारद्वारा सञ्चालित नोवल कोरोनाभाइरस (SARS-CoV-2) खोप कार्यक्रम अन्तरगत लगाइने हो। यस खोपको शुल्क सरकारद्वारा व्यहोरिनेछ । साथै, यस भ्याक्सिनको बुस्टर डोज (तेस्रो डोज)को खोप १८ वर्ष वा सो भन्दा माथिका उमेरका व्यक्तिले लिन सक्नेछन् ।

**खोपको प्रभाव र लगाइने तरिका**

यसपटक लगाइने खोप ताकेदा／मोडर्ना कम्पनीद्वारा उत्पादित भ्याक्सिन हुनेछ र यसले कोरोनाभाइरस सङ्क्रमण हुनबाट रोकथाम गर्छ ।

यस भ्याक्सिनको बुस्टर डोज खोप लिएको २८ दिन पछि न्युट्रलाइज्ड एन्टिबडि भ्याल्यु, दोस्रो डोजको खोप लिएको २८ दिन पछिको न्युट्रलाइज्ड एन्टिबडि भ्याल्यु भन्दा उच्च मात्रामा रहने तथ्य जानकारीमा आएको छ ।

| | |
|---|---|
| खोपको विक्रिवितरण नाम | Spikevax™ Intramuscular Injection |
| असर तथा प्रभाव | SARS-CoV-2 द्वारा हुने सङ्क्रमणको रोकथाम |
| खोप सङ्ख्या तथा अन्तराल | एक पटक (दोस्रो डोजको खोप समाप्त भएर निश्चित अवधि पार गरिसकेपछि)<br>＊मांशपेशीमा लगाइने खोप |
| खोपको लक्षित उमेर समूह | १८ वर्ष उमेर वा सो भन्दा माथि (१८ वर्ष उमेर नपुगेका व्यक्तिका लागि बुस्टर डोजको खोपको प्रभावकारिता तथा सुरक्षा सम्बन्धी हालसम्म प्रष्ट हुन आएको छैन ।) |
| खोपको मात्रा | प्रति डोज 0.25 mL 1 पटक |

- प्रतिरोध खोप ऐनमा आधारित बुस्टर डोजको खोप बीचको अन्तराल, खोप लिने व्यक्ति अनुसार फरक हुनेछ (वर्तमानमा ६~८ महिना) । तपाईं बसोबास गर्नुहुने स्थानको सरकारी निकायबाट आएको जानकारी पत्र हेरी निश्चय गर्नुहोस् ।
- पहिलो तथा दोस्रो डोजको खोप लिएको भ्याक्सिनको किसिम जुन भए पनि यस भ्याक्सिनको खोप लिन सकिनेछ ।
- यस भ्याक्सिनको बुस्टर डोजको खोप लिएपछि पूर्णरूपमा सङ्क्रमणको रोकथाम गर्न सकिने होइन । तपाईंले भ्याक्सिन खोप लिइसकेपछि पनि सङ्क्रमण रोकथामका उपायहरू निरन्तररूपमा अपनाउनु पर्दछ ।

**प्रतिरोधको खोप लिन नसक्ने व्यक्ति**

तपशिलका व्यक्तिहरूले यो खोप लिन सक्ने छैनन् । कुनै बुँदा मेल खान्छ भन्ने लागेको खण्डमा, अनिवार्य रूपमा खोप लिनुभन्दा अगाडि गरिने जाँचको बेला चिकित्सकलाई जानकारी दिनुहोस् ।

- ज्वरो आएको स्पष्ट भएको खण्डमा (＊१)
- गम्भीर किसिमका आकस्मिक रोग लागेका व्यक्ति
- यस खोपमा समावेस तत्वप्रति विगतमा गम्भीर संवेदनशीलता (＊२) देखिएका व्यक्ति
- तल उल्लेखित बाहेक, प्रतिरोधी खोप लिनका लागि प्रतिकूल अवस्थामा रहेका व्यक्ति

(＊१) स्पष्ट रूपमा आएको ज्वरो भन्नाले साधारणतया ३७.५ डिग्री वा सोभन्दा बढि तापक्रम भन्ने हो । यद्यपि, ३७.५ डिग्रीभन्दा कम तापक्रम भएको खण्डमा पनि नियमित तापक्रमको तुलनामा ज्वरो आएको भनि प्रमाणित भएमा सोहि बमोजिम हुनेछ ।

(＊२) आनाफिराक्सी तथा सम्पूर्ण शरीरको छाला तथा म्युकस मेम्ब्रेनको लक्षण, दम, सास फेर्न गाह्रो हुने, मुटुको धडकन छिटो चल्ने, रक्तचापमा कमी आदि आनाफिराक्सीको आशंका हुनेखालका बहुलक्षणहरू ।
पहिलो तथा दोस्रो डोजको खोप लिँदा यस किसिमका लक्षण देखा परेका व्यक्तिले, बुस्टर डोजको खोप लिँदा, पहिला लिएको किसिमको नै भ्याक्सिनको खोप लिन मिल्दैन ।

**प्रतिरोधी खोप लिनुभन्दा अगाडि सावधान हुन आवश्यक व्यक्ति**

तपशिलका व्यक्तिहरूले यो खोप लिँदा सावधान हुन आवश्यक छ । कुनै बुँदा मेल खान्छ भन्ने लागेको खण्डमा, अनिवार्य रूपमा खोप लिनुभन्दा अगाडि गरिने जाँचको बेला चिकित्सकलाई जानकारी दिनुहोस् ।

- रगत जम्नेविरुद्धको औषधी खाइरहेका व्यक्ति, प्लेटलेट्सको कमी हुने लक्षण अथवा, रगत जम्नमा समस्या हुने लक्षण भएका व्यक्ति
- विगतमा रोग प्रतिरोधात्मक क्षमताको कमि भनी किटान गरिएका व्यक्ति, परिवार तथा नातेदारमा जन्मजात रोग प्रतिरोधात्मक क्षमतामा विफलता भएका व्यक्ति ।
- मुटु, मृगौला, कलेजो, रगतका रोग तथा वृद्धिविकासमा समस्या देखिएका व्यक्ति आदि शरीरमा मुल रोग भएका व्यक्ति ।
- विगतमा प्रतिरोधात्मक खोप लिएको २ दिनभित्र ज्वरो आएको तथा सम्पूर्ण शरीरमा रातो दाग आदि जस्ता एलर्जीको आशंका रहेको लक्षण देखापरेका व्यक्ति ।
- विगतमा शरीरमा ऐँठन आएका व्यक्ति ।
- यस खोपमा समावेस तत्वप्रति एलर्जीको लक्षण देखापर्ने डर भएका व्यक्ति ।

गर्भवती अथवा गर्भ रहेको सम्भावना भएका व्यक्ति, स्तनपान गराइरहेका व्यक्ति, खोप लिनुभन्दा अगाडिको जाँचमा अनिवार्य रूपमा चिकित्सकलाई जानकारी दिनुहोस् । यद्यपि, नियमित रूपमा जँचाइरहेको प्रसूति तथा स्त्री रोग चिकित्सककहाँ निश्चित गराइ नसकेको भए पनि, खोप लिनु भन्दा अगाडि जाँच लिने चिकित्सकद्वारा खोप लिन सकिने भनि निर्णय गरेको खण्डमा, खोप लिन सकिने छ ।

यस खोपमा हालसम्म प्रयोग नगरेको औषधी समावेश गरिएको छ । विगतमा, औषधीको कारणले संवेदनशीलता तथा एलर्जी देखापरेका व्यक्तिले, खोप लिनुभन्दा अगाडिको जाँचमा अनिवार्य रूपमा चिकित्सकलाई जानकारी दिनुहोस् ।

**(बाँकि पछाडि )**

**खोप लिएपछि ध्यान दिनुपर्ने बुँदाहरू**

- यो खोप लिएपछि १५ मिनेट वा सोभन्दा बढि (विगतमा आनाफिराक्सी समेत गम्भीर एलर्जीको लक्षण देखापरेका व्यक्ति तथा वाकवाक लाग्ने र बेहोस हुनेजस्ता अनुभव भएकाहरूले ३० मिनेट वा सोभन्दा बढि) खोप लिएको स्वास्थ्य संस्थामा पर्खेर बसी, शरीरमा कुनै असाधारण अवस्थाको अनुभव भएको खण्डमा, तुरुन्त चिकित्सकलाई खबर गर्नुहोस् । (अकस्मात देखापर्ने असरको उपचार गर्न सकिन्छ ।)
- सुइले घोचेको भाग सफा राख्नुहोस् । खोप लिएको दिनमा बाथटबमा नुहाउन सकिन्छ तर सुइ लगाएको भागमा नमाड्नुहोस् ।
- नियमित तरिकाले दिन बिताउन सकिन्छ तर ज्यादा कसरत तथा अधिक मदिरा सेवन नगर्नुहोस् ।

**खोपको असरका बारेमा**

- प्रमुख असरमा, सुइले घोचेको भाग दुख्ने (*१), टाउको दुख्ने, जोर्नी तथा मांशपेशी दुख्ने, आलस्य हुने, जाडो हुने, ज्वरो आउने आदि हुन्छन् । साथै, विरलै देखापर्न सक्ने असरको रूपमा रक्तसञ्चार प्रणालीको गम्भीर विफलताको सक हुने तथा आनाफिराक्सी रहेको छ । यसका साथै, यो नयाँ किसिमको खोप भएको हुनाले, हालसम्म पत्ता नलागेको लक्षण देखापर्ने पनि हुन सक्छ । खोप लगाएपछि शङ्कास्पद लक्षण भनी मानिएको खण्डमा खोप लगाउने चिकित्सक अथवा पारिवारिक चिकित्सककहाँ परामर्श गरौं ।

(*१) प्राइमरी (पहिलो तथा दोस्रो डोज) भ्याक्सिनेसन सिरिजमा भ्याक्सिन लगाउँदा, भ्याक्सिन लगाउने बितिकै पछि भन्दा पनि भोलिपल्ट दुखाइको अनुभव गर्ने व्यक्ति धैरै रहेको र भ्याक्सिन लगाएको १ हप्ता जति बितेपछि दुखाइ तथा सुन्निएर आउने आदि हुने तथ्य जानकारीमा आएको छ ।

- बिरलै रूपमा भएपनि, प्राइमरी भ्याक्सिनेसन सिरिजमा भ्याक्सिन लगाइसकेपछि मायोकार्डाइटिस तथा पेरिकार्डाइटिसको शंकास्पद केस रहेको जानकारी आएको छ (*२)। खोप लगाएको केही दिनभित्र छाती दुख्ने वा धड्कन बढ्ने, स्वाँस्वाँ हुने, शरीरको कुनै भाग सुन्निने जस्ता लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई जँचाउनुहोस्।

(*२) पहिलो खोपभन्दा द्रोस्रो खोप पछि युवावर्ग, विशेषगरी पुरुषमा यो असर धैरै देखिने गरेको छ।

- बुस्टर डोजको खोप लगाउँदा, पहिलो तथा दोस्रो डोजको खोपको तुलनामा विशेषगरि लिम्फनोड सुन्निने केस बढि रहेको (२०% जति) तथ्य जानकारीमा आएको छ । लक्षण गम्भिर भएको वा लामो समयसम्म रहिरहेको खण्डमा, स्वास्थ्य संस्थामा गइ जँचाउनुहोस् ।

**प्रतिरोधी खोपका कारण स्वास्थ्यमा पर्नजाने असरप्रतिको राहत प्रणालीका बारेमा**

प्रतिरोधी खोपले स्वास्थ्य समस्या (बिरामी हुने वा दीर्घकालीन असर रहिरहने) निम्त्याउन सक्छ । अत्यन्त विरलै हुन्छ तर पूर्णरूपमा असर विहिन बनाउन नसकिने हुनाले राहत प्रणालीको व्यवस्था गरिएको छ ।

नोवल कोरोनाभाइरसको प्रतिरोधी खोपका कारण स्वास्थ्य समस्या उत्पन्न भएको खण्डमा, प्रतिरोधी खोप ऐनअन्तर्गत राहत (उपचार शुल्क, अशक्त पेन्सन रकम आदि) मिल्नेछ। आवेदनका लागि आवश्यक प्रक्रियाको बारेमा बसाइ दर्ता रहेको नगर, टोल तथा गाउँको कार्यालयमा परामर्श गर्नुहोस् ।

---

**नोवल कोरोनाभाइरस सङ्क्रमणका बारेमा**

SARS-CoV-2 को सङ्क्रमण भएको खण्डमा, ज्वरो तथा खोकीजस्ता सामान्य रुघाको लक्षण देखिन्छ । धैरै व्यक्तिहरूमा यस्ता हल्का लक्षणहरू आफैं निको हुने भएपनि, गम्भीर हुन गएमा, सास फेर्न गाह्रो हुने आदिजस्ता निमोनियाको लक्षण बिग्रन गई मृत्यु पनि हुन सक्छ।

**यसपटक लगाउने नोवल कोरोनाभाइरसको खोप (ताकेदा／मोडर्ना कम्पनीद्वारा उत्पादित) को विशेषता**

यस औषधी मेसेन्जर RNA(mRNA) भ्याक्सिन हो र SARS-CoV-2 को स्पाइक प्रोटिनको (भाइरसले मानव शरीरमा प्रवेश गर्नका लागि आवश्यक प्रोटिन) फर्मुलेसनको रूपमा mRNA लाई लिपिड झिल्लीमा समेटिएको औषधी हो । यस औषधीको खोपद्वारा mRNA मानव कोषभित्र प्रवेश गराइसकेपछि, यस mRNA को आधारमा कोषभित्र भाइरसको स्पाइक प्रोटिनको निर्माण हुन्छ र स्पाइक प्रोटिनलाई निस्तेज पार्ने एन्टिबडि एवम कोषिका मध्यस्थ प्रतिरोधात्मक प्रतिक्रियालाई जाग्न प्रेरित गर्नाले SARS-CoV-2 को सङ्क्रमणको रोकथाम गर्न सकिने भनी ठानिएको छ ।

यस औषधीमा निम्न तत्वहरू समावेश गरिएका छन्

| | |
|---|---|
| प्रभावकारी तत्वहरू | ✧ Elasomeran (मानव कोषको झिल्लीमा समाहित हुने स्पाइक प्रोटिनको पूरा कोड गर्ने mRNA) |
| समावेश गरिएका तत्वहरू | ✧ SM-102：Heptadecan-9-yl 8-((2-hydroxyethyl) (6-oxo-6-(undecyloxy) hexyl) amino) octanoate)<br>✧ Cholesterol<br>✧ DSPC：1,2-Distearoyl-sn-Glycero-3-Phosphocholine<br>✧ 1,2-dimyristoyl-rac-glycero-3-methoxypolyethylene glycol-2000 (PEG 2000-DMG)<br>✧ Trometamol<br>✧ Trometamol hydrochloride<br>✧ Glacial acetic acid<br>✧ Sodium acetate hydrate<br>✧ Sucrose |

नोवल कोरोनाभाइरसबारे विस्तृत जानकारीका लागि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको होमपेज हेर्नुहोस् ।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय कोरोना खोप | सर्च

होमपेज हेर्न नसकेको खण्डमा, बसोबास गर्ने नगर, टोल वा गाउँ आदिको कायालयमा परामश गर्नुहोस्।